**सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक मस्यौदामा विधायन ऐन, २०८१ को दफा ६ बमोजिम सर्वसाधारणको राय/सुझाबको लागि प्रकाशन गरिएको सूचना।**

नेपाल सरकार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०८३/०४/०६ को निर्णय अनुसार **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक**मा कुनै राय सुझाव भए ७ दिन (मिति २०८३/०४/१२ गते) भित्र यस मन्त्रालयको कानून शाखाको इमेल ठेगाना law.section@mohp.gov.np मा देहाय बमोजिमको ढाँचामा पठाउनु हुन विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | मस्यौदा विधेयकको दफा | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था (राय सुझाव) | राय सुझावको पुष्ट्याई |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

## <u>सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>

**प्रस्तावनाः** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा २ मा संशोधनः** सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "गर्भपतन" भन्नाले गर्भमा रहेको भ्रुण स्वभाविक रुपमा जन्मनु अगावै गर्भाशयबाट बाहिर निकाल्ने कार्य सम्झनु पर्छ।"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "गर्भपतन सेवा" भन्नाले प्रचलित कानून बमोजिम इजाजत पत्र प्राप्त गरी गर्भपतन सेवा प्रदान गर्नको लागि यस ऐन बमोजिम सूचिकृत भएका स्वास्थ्य संस्था एवं स्वास्थ्यकर्मीबाट प्रदान गरिने गर्भपतन सेवा सम्झनु पर्छ ।"

३. **मूल ऐनको दफा ६ मा संशोधन**ः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. **प्रसूति सेवा प्रदान गर्नु पर्ने:** (१) प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाले प्रसूति सेवा प्रदान गर्नको लागि दक्ष स्वास्थ्यकर्मी वा सो नभए तालिम प्राप्त प्रसूतिकर्मीको व्यवस्था गर्नु पर्नेछ।

(२) नेपाल सरकारले तोकेको मापदण्ड पूरा गरेको स्वास्थ्य संस्थाले सम्मानजनक प्रसूति सेवा प्रदान गर्नु पर्नेछ ।"

४. **मूल ऐनको दफा १२ मा संशोधन**ः मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थप गरिएको छः-

"१२क. **हिंसा गर्न नहुने:** (१) कसैले गर्भ अवस्था देखि सुत्केरी अवस्थाका महिलालाई शारीरिक, मानसिक पीडा दिन वा प्रचलित कानून बमोजिम हिंसा गर्नु गराउनु हुदैन ।"

५. **मूल ऐनको दफा १३ मा संशोधन**ः मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) मा रहेका "कम्तीमा अन्ठानब्बे दिन" भन्ने शब्दहरूको सट्टा "छ महिना" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपदफा (४) मा रहेका "समेत उपदफा (१) बमोजिमको बिदा पाउनेछ" भन्ने शब्दहरूको सट्टा "अन्ठानब्बे दिनसम्मको तलब सहितको प्रसूति बिदा पाउनेछ" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल ऐनको दफा १५ मा संशोधन**ः मूल ऐनको दफा १५ को,-

(१) खण्ड (ख) मा रहेका "अठ्ठाइस हप्तासम्मको गर्भ" भन्ने शब्दहरूको सट्टा "जुनसुकै अवधिको गर्भ" भन्ने शब्दहरु राखिएको छ।

(२) खण्ड (ग) मा रहेका "रहन गएको गर्भ" भन्ने शब्दहरूको सट्टा "गर्भ रहन गएकोमा" भन्ने शब्दहरू राखिएको छ।

(३) खण्ड (घ) झिकिएको छ।

(४) खण्ड (ङ) मा रहेका "अठ्ठाइस हप्तासम्मको गर्भ" भन्ने शब्दहरूको सट्टा "जुनसुकै अवधिको गर्भ" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल ऐनको दफा १६ मा संशोधन**ः मूल ऐनको दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

“**१६. बलपूर्वक गर्भपतन गराउन नहुने:** (१) दफा १५ मा उल्लिखित अवस्थामा बाहेक कसैले गर्भपतन गर्न वा गर्भपतन गराउने नियतले वा गर्भपतन हुन सक्छ भन्ने जानीजानी वा विश्वास गर्नु पर्ने कुनै काम गरी गर्भपतन गराउनु हुदैन ।

(२) कसैले गर्भवती महिलालाई करकापमा पारी, धम्की दिई, ललाई फकाई गरी वा प्रलोभनमा पारी गर्भपतन गराउनु हुँदैन ।

(३) उपदफा (२) बमोजिम गर्भपतन गराएमा बलपूर्वक गर्भपतन गराएको मानिनेछ ।

(४) गर्भपतन गर्ने काम गर्दा तत्काल गर्भपतन नभई बच्चा जिउँदो जन्मी त्यस्तो कामको परिणाम स्वरुप जन्मिएको बच्चा तत्काल मरेमा यस दफाको प्रयोजनको लागि गर्भपतन गराएको मानिनेछ ।

(५) कसैले कुनै गर्भवती महिला विरुद्ध कुनै रिसइबीले कुनै काम गर्दा गर्भपतन हुन गएमा गर्भपतन गर्ने नियतले त्यस्तो काम गरेको रहेनछ भने पनि बलपूर्वक गर्भपतन गराएको मानिनेछ ।”

८. **मूल ऐनको दफा १८ मा संशोधन**: मूल ऐनको दफा १८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

“(१) सुरक्षित गर्भपतन सेवा उपलब्ध गराउन प्रचलित कानून बमोजिम इजाजत प्राप्त स्वास्थ्य संस्थाले सूचिकृत भएको हुनुपर्नेछ।”

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

“(१क) उपदफा (१) बमोजिमको स्वास्थ्य संस्थाबाट गर्भपतन गराउने स्वास्थ्यकर्मी सूचिकृत भएको हुपर्नेछ।”

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः ।

“(२) उपदफा (१) र (१क) बमोजिम उपलब्ध गराउने सेवाको प्रविधि, प्रक्रिया र स्वास्थ्य कर्मी तथा स्वास्थ्य संस्था सूचिकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।”

९. **मूल ऐनको दफा २४ मा संशोधन**: मूल ऐनको दफा २४ को,-

(१) खण्ड (क) मा रहेका “स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव” भन्ने शब्दहरूको सट्टा "सचिव, मन्त्रालय” भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ख) मा रहेका "महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सहसचिव" भन्ने शब्दहरूको सट्टा "सहसचिव, महिला तथा बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ग) मा रहेका "शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सहसचिव" भन्ने शब्दहरूको सट्टा "सहसचिव, शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(४) खण्ड (ज) मा रहेका "कानून अधिकृत, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "शाखा प्रमुख, कानून शाखा, मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।

(५) खण्ड (झ) मा रहेका "एक महिला सहित" भन्ने शब्दहरूको सट्टा "कम्तिमा एकजना महिला सहित" भन्ने शब्दहरू राखिएका छन् ।

१०. <u>**मूल ऐनको दफा २५ मा संशोधन**</u>: मूल ऐनको दफा २५ को,-

(१) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) आफ्नो स्वास्थ्य संस्थामा उपचार सम्भव छैन भन्ने कुराको जानकारी हुँदाहुँदै अर्को स्वास्थ्य संस्थामा प्रेषण (रिफर) नगरेमा"

(२) खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) दफा १६ को उपदफा (१), (३) वा (४) बमोजिम गर्भपतन गराएमा वा त्यसरी गर्भपतन गराउन सहयोग गरेमा,

(३) खण्ड (च) पछि देहायको खण्ड (च१) थप गरिएको छः-

"(च१) दफा १२क. विपरित शारीरिक मानसिक पीडा दिएमा वा हिंसा गरेमा,

(४) खण्ड (छ) पछि देहायका खण्ड (छ१) र (छ२) थपिएका छन्ः-

"(छ१) दफा १६ को उपदफा (५) बमोजिम गर्भपतन गराएमा वा त्यसरी गर्भपतन गराउन सहयोग गरेमा,

(छ२) कुनै गर्भवती महिलाको ज्यान लिने उद्योग गर्दा त्यस्ती महिला नमरी निजको गर्भमा रहेको पच्चीस हप्ता वा पच्चीस हप्ताभन्दा बढी अवधिको गर्भ पतन हुन गएमा"

(५) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) दफा २९क, विपरीत कुनै स्वास्थ्य संस्थाले विपद्को समयमा प्राथमिकताका साथ सुरक्षित मातृत्व, आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, परिवार नियोजन वा सुरक्षित गर्भपतन सेवा प्रदान नगरेमा"

११. **<u>मूल ऐनको दफा २६ मा संशोधन</u>**: मूल ऐनको दफा २६ को,-

(१) खण्ड (क) मा रहेका "खण्ड (क), (ख), (ग), (घ), र (ठ) बमोजिमको कसूर" भन्ने शब्दहरूको सट्टा "खण्ड (क), (ख), (ग), (ग१), (घ), (ट१) र (ठ) बमोजिमको कसूर" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ग) को  को सट्टामा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) खण्ड (छ) बमोजिमको कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना,

(२) बाह्र हप्ता भन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना,

(३) पच्चीस हप्ता भन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना।"

(३) (२) खण्ड (ग) पछि देहायको खण्ड (ग१), (ग२), (ग३) र (ग४) थपिएका छन्

"(ग१) खण्ड (छ१) बमोजिम कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजायः-

(१) बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद,

(२) बाह्र हप्ता भन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद,

(३) पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद ।

(ग२) खण्ड (छ२) बमोजिमको कसूर गर्ने वा गराउनेलाई पन्ध्र वर्षसम्म कैद वा एकलाख रुपैयासम्म जरिबाना,

(ग३) खण्ड (ज) बमोजिम कसूर गर्ने वा गराउनेलाई तीन महिनादेखि छ महिना सम्म कैद,

(ग४) खण्ड (झ) बमोजिम कसूर गर्ने वा गराउनेलाई खण्ड (ग) मा लेखिएको सजायमा थप एक वर्षसम्म कैद,

(३) खण्ड (घ) मा रहेको "खण्ड (ञ)" भन्ने शब्दहरूको सट्टा "खण्ड (ञ) र (च१)" भन्ने शब्दहरू राखिएको छ।

१२. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ मा रहेका "प्रजनन स्वास्थ्य रुग्णता लगायतका महिनावारी सेवा" भन्ने शब्दहरूको सट्टा " प्रजनन् स्वास्थ्य रुग्णता लगायतका सेवा" भन्ने शब्दहरु राखिएका छन्।

१३. **<u>मूल ऐनमा दफा २९क. थप</u>**: मूल ऐनको दफा २९ पछि देहायको दफा २९क. थपिएको छः-

"**२९क. <u>विपद्को समयमा प्राथमिकताको साथ सेवा दिनुपर्नेः</u>** (१) स्वास्थ्य संस्थाले विपद्को समयमा प्राथमिकताका साथ सुरक्षित मातृत्व, आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यकीय सेवा, परिवार नियोजन र सुरक्षित गर्भपतन सेवा प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न टेलिमेडिसिन, सेल्फ केयर लगायतका तोकिए बमोजिमका नवीनतम वैज्ञानिक प्रविधि उपयोग गर्न सकिनेछ।

**<u>स्पष्टीकरणः</u>** यस दफाको प्रयोजनको लागि "विपद" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ।"